# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यलय

प्रगतिनगर, नवलपरासी(ब.सु.पू.)

**बसपार्क भाडामा सञ्चालन सम्बन्धी सार्वजनिक सूचना**

**( प्रकाशित मितिः २०७६/०९/०२)**

देवचुली नगरपालिका - १३ दलदलेमा निर्मित देवचुली नगरपालिकाको बसपार्कमा आधारभुत संरचना तयार गरि सकिएको र देवचुली नगर कार्यपालिकाको निर्णय अनुसार उक्त स्थानमा बसपार्क सञ्चालन गर्नका लागी इच्छुक विविध प्रकारका ठेक्का पट्टा सम्बन्धी इजाजत प्राप्त फर्म / कम्पनिहरुबाट दर्ता प्रमाण पत्र, मु. अ. क. दर्ता, यस आ.व. सम्मका लागी नविकरण भएको न्युनतम 'घ' वर्ग इजाजत पत्र , अघिल्लो आ.व. सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिको साथमा तोकिएको न्युनतम अंकमा नघट्ने गरी १६ (सोहौं) दिनको १२:०० बजे भित्र शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। थप जानकारिको लागि नगरकार्यपालिकको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

शर्तहरु:

१.ठेक्का अवधी सम्झौता समयवाट २ वर्षको रहने छ ।

२. बोलपत्र फारम रु. १०००.००को रसिद तिरी यस कार्यालय बाट सुचना प्रकाशित भएको मितिले १५औ दिनको कार्यालय समय सम्म प्राप्त गर्न सकिनेछ ।

३. शिलबन्दी बोलपत्र सुचना प्रकाशित भएको १६औ दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र फाराम लिने अन्तिम दिन वा शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछी कार्यालय खुलेको पहिलो दिनलाइ अन्तिम दिन मानिनेछ ।

५. शिलबन्दी दरभाउपत्र रितपुर्वक भरी शिलबन्दी गरी प्राप्त हुन नआएमा वा कम्तिमा ३ वटा रितपुर्वक दरभाउपत्र प्राप्त नभएमा स्वत वदर हुने छ ।

६. छनौट भएको प्रस्तावकले आफ्नो जम्मा सम्झौता अवधिको कबोल अंकको ५०% रकम यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको प्रमाण पेश गरेपछी मात्र पट्टा उठाउन पाइनेछ ।

७. बिधुत तथा पानीको मासिक शुल्क र शौचालय व्यवस्थापनको जिम्मा बसपार्क सञ्चालकको नै रहनेछ ।

८. यस सूचनामा उल्लेख भएका शर्तहरु सोहिबमोजिम र अन्य कुरा प्रचलित कानुन बमोजिम हुने छ ।

९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. दैनिक अधिकतम भाडा दर यस प्रकार कायम हुने छ ।

| | | |
|---|---|---|
| ४.१ | अटो, ई- रेक्सा | : दैनिक रू. २० |
| ४.२ | चार पाङ्ग्रे हलुका सवारी | : दैनिक रू. ३० |
| ४.३ | बस, मिनि बस | : दैनिक रू. ४० |

| क्र.स. | ठेक्का सूचना नं | ठेक्का विषय क्षेत्र | न्युनतम अंक | कैफियत |
|---|---|---|---|---|
| १. | १/२०७६-०७७ (आय तर्फ) | बसपार्क भाडामा सञ्चालन गर्ने सम्बन्धी | रु. १२,५००.०० (मासिक)<br>रु. १५०,०००.०० (वार्षिक) | |

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय